आज मिति २०७८ साल चैत्र महिनाको २६ गते बिहीबारका दिन यस बेसीशहर नगरपालीकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा कार्यपालीकाको ६८ औं बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिम छलफल एवं निर्णय गरीयो ।

उपस्थिती :

१. प्रमुख श्री गुमानसिंह अर्याल
२. उप-प्रमुख श्री लक्ष्मी देवी अधिकारी
३. वडा अध्यक्ष वडा नं. १ श्री बलराम श्रेष्ठ
४. " " " " २ श्री गणेश बहादुर कंडेल
५. " " " " ३ श्री सुर्य कुमार श्रेष्ठ
६. " " " " ४ श्री लालबिर गुरुङ
७. " " " " ५ श्री बम बहादुर गुरुङ
८. " " " " ६ श्री भोज बहादुर रिमाल
९. " " " " ७ श्री गोबिन्द बहादुर बस्नेत
१०. " " " " ८ श्री पवित्रा थापा राना
११. " " " " ९ श्री शरद बराल
१२. " " " " १० श्री पूर्ण बहादुर थापा
१३. " " " " ११ श्री अच्युत बाबु बगाले
१४. कार्यपालीका सदस्य श्री विष्णु माया राना
१५. " " श्री मन्दिरा दनाई
१६. " " श्री देव बहादुर गहतराज
१७. " " श्री अजय मजाकोटी
१८. " " श्री मन माया गुरुङ
१९. " " श्री टोज बहादुर खवास
२०. " " श्री कृष्ण नेपाली
२१. " " श्री आशा तामाङ
२२. सदस्य सचिव श्री लिला वल्लभ न्यौपाने

सहजकर्ता कर्मचारी

२३. कार्यक्रम अधिकृत श्री महेन्द्र पोखरेल
२४. अधिकृत श्री विमला गौंडे

**बैठकका ऐजेण्डाहरु**

१. आव २०७८।०७९ को लागि प्रदेश सशर्त, समपुरक तथा विशेष अनुदानतर्फका योजना सिफारिश सम्बन्धमा ।
२. बेसीशहर नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धमा ।
३. ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा
   - स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं ३ र ९, अधिकारी कन्ट्रक्शन) २०७८ असार मसान्त
   - फूलबारी मैदान स्तरोन्नति बेनपा ८ तिनकन्या कन्ट्रक्शन, २०७७ चैत मसान्त
   - बेसीशहर मैयु सारिङ मनाङ सडक-उर्लेनी दुदुगाउँ कन्ट्रक्शन धुलिखेल २०७७ चैत मसान्त
४. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा । (बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि २०७८)
५. महिला लक्षित कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा
६. दिवा खाजा कार्यक्रममा बजेट थप गर्ने सम्बन्धमा । ( नर्सरीदेखि कक्षा ५ सम्मका बालबालिकाहरुको दिवा खाजा कार्यक्रममा ११ लाख थप गर्ने ।
७. डिस्प्ले होर्डिङबोर्ड तयार गर्न बजेट थप गर्ने सम्बन्धमा । (१० लाख)
८. तिलाहार बजार मञ्च, शौचालय एवम् भवन निर्माणतर्फको बाँकी काम सम्बन्धमा ।
९. गत आर्थिक वर्षमा परेको संघीय समपुरक योजना सम्बन्धमा
   - गत बर्षको ठेक्का सम्झौता वमोजिमको आवश्यक रकम माग गर्ने ।
   - आयोजनालाई बहुबर्षियरुपमा कायम हुन ध्यानाकर्षण गराउने ।
   - शोध भर्ना हुने गरी भुक्तानी दिइएको रकम अनुमोदन गर्ने ।
१०. सेवाग्राहीमैत्री कार्यस्थल निर्माण सम्बन्धमा ।
११. जलविद्युत आयोजना क्षेत्रको बालुवा सम्बन्धमा
१२. कार्यविधि संशोधन सम्बन्धमा ।
१३. विविध
   - राष्ट्रपति रनिङ शिल्डको बजेट सम्बन्धमा ।
   - वडास्तरीय योजनाको ब्रेक डाउन सम्बन्धमा । (वडा नं ५ र २)
   - भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन सम्बन्धमा ।
   - शव वहान खरीदको लागि रकम थप गर्ने सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं. १: आव २०७८।०७९ को लागि प्रदेश सशर्त, समपुरक तथा विशेष अनुदानतर्फका योजना सिफारिश सम्बन्धमा ।**

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेश पोखराको च.नं.५४४, मिति २०७७/१२/०३ को प्राप्त पत्रानुसार आ.व.२०७८/७९ को अन्तरसरकारी वित्त हस्तान्तरण अन्तर्गत सशर्त, समपुरक र विशेष अनुदानतर्फ प्राथमिकताका आधारमा देहायका योजनाहरु छनौट गरी आवश्यक कागजात सहित निर्धारित म्याद भित्र प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

सहित निर्धारित म्याद भित्र प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**देहाय :**

**(क)सशर्त अनुदानतर्फ :**

१. बेसीशहर युनिभर्सल चोक मकैडाँडा सडक स्तरोन्नति बेसीशहर नगरपालिका ६ र ७

२. बेसीशहर बाँफाखेत चिती तिलाहार सडक बेसीशहर नगरपालिका १० र ११

३. चण्डी पार्क निर्माण बेसीशहर नगरपालिका ३, गाउँशहर

**(ख) समपुरक अनुदानतर्फ :**

१.धुरपुरे दुईथोक विम्दा सितलेस्वाँरा बाखेजगत सडक स्तरोन्नति बेसीशहर नगरपालिका ९ र ५

२.भकुण्डे पुरानोकोट सडक स्तरोन्नति बेसीशहर नगरपालिका २ र ४

३.कपुरेश्वर पार्क निर्माण तथा स्तरोन्नति बेसीशहर नगरपालिका ८

**(ग) विशेष अनुदानतर्फ :**

१. कराईखोला खानेपानी आयोजना बेसीशहर नगरपालिका ६

२. रामचोकफाँट सिञ्चाई आयोजना बेसीशहर नगरपालिका ११

३. चण्डीस्थान स्वास्थ्य चौकी भवन निर्माण बेसीशहर नगरपालिका ६

**निर्णय नं. २: बेसीशहर नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धमा ।**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७ वमोजिम विभिन्न १० वटा बिषयगत क्षेत्रभित्रका सूचकहरुको आधारमा बेसीशहर नगरपालिकाको मूल्यांकनको अवस्था बारे विश्लेषण गरियो । साथै यसबाट प्राप्त हुने अन्तिम नतिजा आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३: ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा ।**

सङ्घीय सशर्त अनुदान शिर्षकबाट गत आ.व. गत आव २०७६/०७७ मा स्वास्थ्य संस्था नभएका वडाहरुमा हेल्थ सेन्टर निर्माणको लागि बजेट प्राप्त भई वडा नं ३ र ९ मा शुरु गरिएको हेल्थ सेन्टर निर्माणको अधुरो काम सम्पन्न गर्नको लागि चालु आव २०७७/७८ मा बजेट प्राप्त भएको हुँदा दुवै वडामा निर्माणको जिम्मेवारी पाएको अधिकारी कन्ट्रक्शनसंगको ठेक्का सम्झौताको म्याद २०७८ असार मसान्तसम्म थप गरी कार्य सम्पन्न गर्न लगाउने निर्णय गरियो । यसै गरी गत बर्षका क्रमागत योजनाहरुमध्ये फूलबारी मैदान स्तरोन्नति बेनपा ८ (तिनकन्या कन्ट्रक्शन) र बेसीशहर मैयु सारिङ मनाङ सडक(उर्लेनी दुदुगाउँ कन्ट्रक्शन धुलिखेल) को ठेक्का सम्झौताको म्याद २०७७ चैत मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४: कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि २०७८ स्वीकृत गर्ने निर्णय गरियो । साथै सो कार्यविधिको दफा २४ वमोजिम यस बेसीशहर नगरपालिकाका कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेललाई बाल कल्याण अधिकारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ५: महिला लक्षित कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा**

चालु आ.व. २०७७/७८ मा महिला लक्षित कार्यक्रमतर्फ विनियोजन गरिएको बजेटबाट देहायका महिला लक्षित कार्यक्रमहरुको लागि देहाय अनुसार बाँडफाँड गरी कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

देहाय :

| क्र सं | कार्यक्रमको विवरण | अवधी दिन | परिमाण वटा | प्रति कार्यक्रम सहभागी | जम्मा सहभागी | प्रति कार्यक्रम लागत रु | जम्मा लागत रु |
|---|---|---|---|---|---|---|---|
| १ | वडास्तरीय महिला क्षमता अभिबृद्धि कार्यक्रम (वडास्तरीय महिला सञ्जाल वा महिला समितिको प्रस्तावनाको आधारमा) | ३ | ११ | ३० | ३३० | ५०००० | ५५०००० |
| २ | उद्घोषण कला सम्बन्धी तालिम | ३ | १ | ३० | ३० | ५०००० | ५०००० |
| ३ | प्रस्तावना तथा प्रतिवेदन लेखन तालिम | ३ | १ | ३० | ३० | ५०००० | ५०००० |
| ४ | मौसमी तथा बेमौसमी तरकारी खेती तालिम | ५ | १ | ३० | ३० | ७५००० | ७५००० |
| ५ | दुना टपरी बनाउने तालिम | ५ | १ | ३० | ३० | ७५००० | ७५००० |
| ६ | दुना टपरी बनाउने मेसिन खरीद | | १ | | ० | १००००० | १००००० |
| ७ | कौशी खेती सम्बन्धी तालिम तालिम | ३ | १ | ४० | ४० | ६०००० | ६०००० |
| ८ | महिला उद्यमी, महिला अगुवा कृषक सम्मान कार्यक्रम (एकल महिलालाई प्राथमिकता) | | २२ | १ | २२ | १५००० | ३३०००० |
| ९ | सीपमूलक तालिम लागत साझेदारी | | | | | | २१०००० |
| | जम्मा | | | | ५१२ | | १५००००० |

**निर्णय नं. ६: दिवा खाजा कार्यक्रममा बजेट थप गर्ने सम्बन्धमा ।**

चालु आ.व. २०७७/०७८ मा सशर्ततर्फ नर्सरीदेखि कक्षा ५ सम्मका बालबालिकाहरुको दिवा खाजा कार्यक्रमको लागि प्राप्त बजेटमा कटौती भएको कारण समस्या पर्न गएको हुँदा शिक्षा क्षेत्रतर्फ विनियोजित देहायका शिर्षकहरुको रकम सो दिवा खाजा कार्यक्रमको लागि रकमान्तर गर्ने निर्णय गरियो ।

देहाय

| साविकको कार्यक्रम | विनियोजित बजेट | हाल कायम गरिएको कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| १.विद्यालय वर्गिकरण<br>२.कोभिड जोखिम न्यूनीकरणका लागि विद्यालय तहको बैकल्पिक शिक्षा | २,००,०००।-<br>४,००,०००।- | १.नर्सरीदेखि कक्षा ५ सम्मका बालबालिकाहरुको दिवा खाजा कार्यक्रम | ११,००,०००।- |

| | | | |
|---|---|---|---|
| कार्यक्रम<br>३.कक्षा १-५ का छात्रछात्राका लागि अंग्रेजी माध्यमको सामाग्री खरीदका लागि अनुदान | ५,००,०००।- | | |

**निर्णय नं. ७: डिस्प्ले होर्डिङबोर्ड तयार गर्न बजेट थप गर्ने सम्बन्धमा ।**
नगरपालिकाको डिस्प्ले होर्डिङबोड निर्माण तथा जडान गर्नको लागि चालु आवमा रु २५ लाख बजेट विनियोजन भएकोमा लागत इष्टिमेट तयार गर्दा रु ३५ लाख पर्न जाने देखिएको हुँदा सो कार्य सम्पन्न गर्नको लागि थप रु. १० लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८: तिलाहार बजार मञ्च, शौचालय एवम् भवन निर्माणतर्फको बाँकी काम सम्बन्धमा ।**
चालु आवमा क्रमागत योजनातर्फ तिलाहार बजार मञ्च, शौचालय एवम् भवन निर्माणको लागि विनियोजित रकम रु १५ लाखमा बाँकी रहन गएको बजेटबाट सोही योजनाको बाँकी कार्य सम्पन्न गर्नको लागि विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९: गत आर्थिक वर्षमा परेको संघीय समपुरक योजना सम्बन्धमा**
गत आव २०७६/०७७ को लागि राष्ट्रिय योजना आयोगबाट समपुरक अनुदानको लागि प्रस्ताव आह्वान भए वमोजिम प्रस्तावना पेश गरी स्वीकृत भएको बेसीशहर-युनिभर्सलचोक-मकैडाँडा सडक स्तरोन्नति आयोजनाको सम्बन्धमा देहाय वमोजिमको निर्णय गरियो ।
(क) गत आ.व. २०७६/०७७ मा संघीय समपुरक कोषतर्फ ठेक्का सम्फौता भई निर्माण कार्य शुरु गरिएको बेसीशहर युनिभर्सलचोक देखि मकैडाँडा सडक स्तरोन्नतिको कार्य गत आ.व.मा कोभिड १९ को कारण सम्पन्न हुन नसकेको र चालु आ.व. २०७७/०७८ मा ठेक्का सम्फौताको म्याद थप गरी हाल सम्फौता वमोजिमको कार्य सम्पन्न भै सकेको हुँदा देहाय वमोजिमको बजेट उपलब्ध गराउने व्यवस्थाको लागि नेपाल सरकार अर्थ मन्त्रालयमा अनुरोध गर्ने ।
**देहाय :**
गत आवमा नेपाल सरकारबाट प्राप्त बजेट : १ करोड ३३ लाख
ठेक्का सम्फौता रकम : १ करोड ७९ लाख १५ हजार ७४३
कार्य सम्पन्न मूल्यांकन वमोजिम नेपाल सरकारबाट व्यहोर्नु पर्ने रकम : रु ८९लाख ५७ हजार ७२१
गत आवमा नेपाल सरकारको तर्फबाट खर्च रकम : रु.३० लाख
नेपाल सरकारबाट भुक्तानी पाउनु पर्ने रकम रु ५९लाख ५७ हजार ७२१

(ख) उपरोक्तानुसारको समपुरक आयोजना बहुबर्षिय रुपमा परेको भएतापनि गत आ.व. २०७६/०७७ मा बेसीशहर नगरपालिकाबाट भुलवश बार्षिक बजेटको आधारमा मात्र ठेक्का आह्वान गरिएको हुँदा सो आयोजनालाई बहुबर्षिय रुपमा कायम राख्ने व्यवस्थाको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

(ग) सो समपुरक आयोजनाको ठेक्का सम्फौता वमोजिमको कार्य सम्पन्न भै सकेको तर नेपाल सरकारबाट बजेट प्राप्त नभएको कारण भुक्तानी दिन नसक्दा निर्माण व्यवसायीलाई मर्का पर्न गएकोले बजेट प्राप्त भएमा शोभभर्ना हुने गरी रु ५० लाख भुक्तानी दिइएको व्यहोरालाई समर्थन गर्ने ।

**निर्णय नं. १० :सेवाग्राहीमैत्री कार्यस्थल निर्माण सम्बन्धमा ।**

नगरपालिकाको प्रशासकीय भवनमा मौजुदा संरचनालाई फेरबदल गरी सेवाग्राही मैत्री कार्यस्थल निर्माण गर्नु पर्ने भएको हुँदा प्रवाह हुने सेवामा समेत अवरोध नपुग्ने गरी लागत इष्टिमेट अनुसार कार्यस्थल निर्माण गर्दै जाने र मूल्याङ्कनको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ११ : जलविद्युत आयोजना क्षेत्रको बालुवा सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिका स्थित नेपाल विद्युत प्राधिकरण मध्य मर्स्याङ्दी जलविद्युत परियोजनाको जलाशय क्षेत्र भित्र जम्मा हुने बालुवा, ग्राभेलको संकलन र विक्रीको लागि कानून वमोजिम अधिकार प्राप्त निकाय नगरपालिका मात्र भएको हुँदा बालुवा, ग्राभेलको संकलन र विक्रीको लागि जलविद्युत आयोजनासंग आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ : कार्यविधि संशोधन सम्बन्धमा ।**

बेसीशहर नगरपालिका भित्रका खानेपानीको मुहान दर्ता तथा नविकरणको लागि थप स्पष्टताको लागि बेसीशहर नगरपालिकाको जलश्रोत उपयोग तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ को दफा ४ संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३: विविध/ राष्ट्रपति रनिङ शिल्डको बजेट सम्बन्धमा ।**

नगरपालिकास्तरमा राष्ट्रपति रनिङ शिल्ड खेलकुँद प्रतियोगिता सञ्चालनको लागि विनियोजित रकम रु २ लाख अपुग भएकोले खेलाडी विद्यार्थीहरुलाई खाजा खुवाउनको लागि खेलकुँद प्रतियोगिता सहयोग शिर्षकबाट थप रु. २ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४: विविध/ वडास्तरीय योजनाको ब्रेक डाउन सम्बन्धमा ।**

चालु आ.व.को वडा नं ५ को वडास्तरीय योजनालाई देहाय अनुसार ब्रेक डाउन गर्ने निर्णय गरियो ।

| साविकको योजना तथा कार्यक्रम | विनियोजित बजेट | हाल कायम गरिएको कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| १.विपद् व्यवस्थापन वडा नं ५ | २,५०,०००।- | १. बाखेजगत गाउँघर क्लिनिक पहिरो नियन्त्रण<br>२.डमरु,ज्यारखाङ, बाखेजगत हुँदै नाल्मा सडक जोखिमयुक्त ठाउँ मर्मत<br>३.गैराबारी काइँलाकामीको घरमुनिको पहिरो जोखीम न्यूनीकरण | १००,०००।-<br>१००,०००।-<br>५०,०००।- |
| २.१ माढी बर्तु मोटरबाटो निर्माण वडा नं ५<br>२.२. लाकुरीडाँडा कृषि सडक वडा नं ५ | २०००००।-<br>३०००००।- | लाकुरीडाँडा कृषि सडक वडा नं ५ | ५०००००।- |

| | | | |
|---|---|---|---|
| ३. सरकारी विद्यालयको लागि दिवा खाजा वडा नं २ | २,००,०००।- | १. बाल कल्याण मावि व्यवस्थापन वडा नं २<br>२. कालिका मिलन मावि व्यवस्थापन वडा नं २<br>३.बाल विद्याश्रम प्रावि वडा नं २ व्यवस्थापन | १,००,०००।-<br>६०,०००।-<br>४०,०००।- |

**निर्णय नं. १५: भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन सम्बन्धमा ।**

भूमि सम्बन्धी समस्या समाधान आयोग अन्तर्गत स्थानीय तहमा गठन हुने भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समितिमा कार्यपालिका सदस्यहरुमध्येबाट श्री कृष्णा नेपाली र श्री विष्णुमाया रानालाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १६: शव वहान खरीदको लागि रकम थप गर्ने सम्बन्धमा ।**

चालु आव २०७७/७८ मा स्वास्थ्य क्षेत्र अन्तर्गत शव वहान खरीदको लागि रु १० लाख विनियोजन गरिएकोमा सो रकममा शव वहान खरीद गर्न नसकिएको हुँदा जेष्ठ नागरिक निःशुल्क स्वास्थ्य परीक्षण तथा स्वास्थ्य शिविर कार्यक्रम शिर्षकमा विनियोजित रु ८ लाख मध्येबाट रु १ लाख थप गरी प्रक्रिया वमोजिम शव वहान खरीद गर्ने निर्णय गरियो ।